# लेखनाथ पौड्यालको जीवनचङ्गा कवितामा अलङ्कार विधान

**आनन्दा खत्री**
उपप्राध्यापक, राप्ती बबई क्याम्पस
Mail : anandakhatri38@gmail.com

Received Date : Dec. 04, 2025 Reviewed Date : Jan. 11, 2026 Accepted Date : Fab. 02, 2026

## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेखमा कवि लेखनाथ पौड्यालको 'जीवनचङ्गा' कवितामा रहेका अलङ्कारहरूको खोजी गरिएको छ । लालित्य भाग १ मा सङ्गृहीत 'जीवनचङ्गा' कवितामा जीवनलाई चङ्गासँग तथा निलो दहको माछोसँग तुलना गरिएकाले अनुप्रास जस्ता शब्दालङ्कार र उपमा, रूपक, अतिशयोक्ति, स्वभावोक्ति जस्ता अर्थालङ्कारको कुशल प्रयोग गरेका छन् भन्ने निष्कर्ष दिइएको छ । पातलो धागोमा अल्झिएको चङ्गासँग जीवनलाई तुलना गर्दै जीवनको अनित्यतालाई दर्साइएको छ । विविध अलङ्कारको प्रयोग गरी चङ्गाले धागाको भरमा आकाशमा उन्मुक्त भएर विचरण गरेझैँ चङ्गारूपी जीवनले माया, मोहमा फसेर भौतिक सुख सुविधाको उपभोगबाट परमानन्द प्राप्तिको भ्रम देखाउन खोजिएको छ । सामग्री सङ्कलनमा पुस्तकालयीय कार्यको प्रयोग गरिएको यस लेखमा प्राथमिक स्रोत सामग्रीका रूपमा लालित्य भाग १ कविता सङ्ग्रहमा सङ्गृहीत 'जीवनचङ्गा' कविता र द्वितीय स्रोतका रूपमा अलङ्कार सिद्धान्तसम्बन्धी ग्रन्थहरू र अनुसन्धानात्मक लेखहरूलाई लिइएको छ । जीवनको क्षणिकता, अनित्यता, महत्वाकाङ्क्षा, तामसी प्रवृत्तिलाई बुझाउन उपमा, रूपक, अतिशयोक्ति जस्ता अर्थालङ्कार र अन्त्यानुप्रास, वृत्त्यनुप्रास, छेकानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग भएको निचोड निकालिएको छ । प्रयुक्त अलङ्कारका सिद्धान्त लेखी कविताहरूलाई दृष्टान्त दिएर निगमनात्मक विधिमार्फत विश्लेषण गरिएको छ ।*

***मुख्य शब्दहरू*** : अलङ्कार, क्षणिकता, सङ्कलन, अतिशयोक्ति, विचरण ।

## विषय परिचय

नेपाली साहित्यका विविध विधामा कलम चलाउने लेखनाथ पौड्याल (१९४१–२०२२) श्रृङ्गारिक धारामा देखापरे पनि आधुनिक कालको परिष्कारवादी धाराको नेतृत्व गरेका थिए । उनले संस्कृत व्याकरणमा मध्यमासम्मको अध्ययन गरेका थिए । कवि पौड्यालका लालित्य भाग १ (१९६९संयुक्त) २०१०, भाग २ (२०२५) कवि शिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता (२०४१) र लेखनाथका प्रमुख कविता (२०४६) जस्ता कविता सङ्ग्रहहरू प्रकाशित भएका छन् । नेपाली साहित्यको सेवा गरेबापत उनलाई २००७ सालको परिवर्तनपछि २००८ सालमा कवि शिरोमणिको उपाधि दिइएको थियो । उनलाई २०११ सालमा सार्वजनिक रथयात्रासमेत गराइएको थियो । त्यसैगरी उनलाई मृत्यूप्रान्त २०२६ सालमा त्रिभुवन पुरस्कारद्वारा सम्मानित गरिएको

थियो । उनका ऋतुविचार (१९७३), बुद्धिविनोद (१९७३), सत्यकलिसंवाद (१९७६), गीताञ्जलि (१९८६), बुद्धिविनोद पहिला विनोद (१९९४), अमरज्योतिको सत्यस्मृति (२००८), तरुणतपसी (२०१०) आदि खण्डकाव्यहरू रहेको पाइन्छ । उनले गंगागौरी (२०६१), अपूर्ण महाकाव्य आदि काव्यहरू पनि लेखेको र त्याग र उदयको युगल प्रकाश (२००२) काव्यका साथै लक्ष्मीपूजा (१९९४) र भर्तृहरिनिर्वेद (२०२०) आदि नाटकहरू पनि लेखेका थिए ।

लेखनाथ पौड्याल आधुनिक नेपाली कविताका प्रर्वतक तथा परिष्कारवादी धाराका केन्द्रीय प्रतिभासमेत हुन् । उनी वि.सं १९६२ को 'कविता कल्पद्रुम' कवितासङ्ग्रहमा 'शृङ्गारपच्चिसी' र 'मानसाकर्षिणी' कविताहरू प्रकाशित भएपछि नेपाली कविता क्षेत्रमा उदाएका हुन् । सुरुमा शृङ्गारिक धाराका कविका रूपमा चिनिए पनि क्रमशः धार्मिक आध्यात्मिक भावभूमिमा आधारित सामाजिक सांस्कृतिक चेतनाको अभिव्यक्ति दिने कविका रूपमा पनि चिनिन्छन् । उनका कवितामा शास्त्रीय नियमको अनुसरण, परिष्कृत र परिमार्जित भाव तथा भाषाशैली अनि व्याकरणिक अनुशासनको पालना भएको पाइन्छ । सामाजिक मूल्य मान्यता तथा नीति नियम, संयम र अनुशासनको पालनाद्वारा चारित्रिक उत्थानको चाहना उनका कवितामा पाइन्छन् ।

कवि लेखनाथ पौड्यालको 'जीवनचङ्गा' नीतिपरक कविता हो । यसमा कविले मानव जीवनलाई लट्टाइमा बेरिएको धागोमा बाँधिएको ज्यादै हलुको र पातलो चङ्गाका रूपमा तुलना गर्दै जीवनको क्षणिकता र नश्वरतालाई वर्णन गरेका छन् । जीवन एकैनासको हुँदैन, चङ्गा अकासिएर कौठी खाई तल झरेझैं जीवनमा पनि उतारचढावहरू आइरहन्छन् भन्ने भाव प्रस्तुत गर्न विभिन्न शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको छ । जीवन नाशवान् र अनित्य छ, सांसारिक सुख सुविधामा चङ्गाझैं उर्ले पनि मानिसको जीवन चङ्गाझैं क्षणिक छ भन्ने विचार प्रकट गरिएको छ । चङ्गामा बाँधेको धागो जसरी कुनै बेला चुँडिन सक्छ, त्यसरी नै जीवनको प्राणरूपी धागो पनि चुँडिन सक्छ । धागोकै भरमा माथि माथि अनन्तमा पुग्छुझैँ गर्ने चङ्गाजस्तै मानिस पनि कहिल्यै मर्दिनँ र सदा रहिरहन्छु भनेझैँ गर्दछ । अज्ञानताका कारण जीवले वास्तविक सत्यबोध गर्दैन । लट्टाइले धागोलाई नियन्त्रण गर्दा चङ्गा आकाशमा उडिरहन्छ तर चुँडियो भने चङ्गा जमिनमा गिर्छ । धागोरूपी प्राण चुँडिदा चङ्गारूपी जीवनको अन्त्य हुन्छ भन्ने भावलाई प्रस्तुत गरिएको छ ।

जीवनचङ्गा कवितामा विभिन्न अलङ्कारको संयोजन गरेर कविताको कथ्यलाई बढी प्रभावकारी र आस्वाद्य तुल्याइएको छ । शब्दालङ्कारको प्रयोगले यस कविता लयात्मक र श्रुतिमधुर बनेको छ भने अर्थालङ्कारको प्रयोगले कवितालाई भावप्रबल र कथ्यलाई बढी अर्थपूर्ण एवम् गम्भीर बनाएको पाइन्छ । प्रस्तुत कवितामा अनुप्रास, उपमा, रुपक, दृष्टान्त, अतिशयोक्ति जस्ता अलङ्कारको संयोजन कसरी गरिएको छ र तिनले कवितामा के कस्ता कलात्मक सौन्दर्य प्रकट गर्न पुगेका छन् भन्ने कुरा नै अलङ्कारविधान हो । गुणात्मक अनुसन्धान ढाँचामा आधारित प्रस्तुत लेखको अध्ययनका लागि प्राथमिक स्रोतका रूपमा जीवनचङ्गा कवितालाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा पत्रपत्रिका, पुस्तक तथा लेखरचनाहरूलाई लिइएको छ ।

अलङ्कारका सिद्धान्तहरूको परिचय दिई उक्त कविताका उदाहरणहरूबाट अलङ्कार पुष्टि गर्ने कार्य भएकाले निगमनात्मक विधिको प्रयोग गरिएको छ ।

लेखनाथ पौडेलका विविध कृतिहरूको विभिन्न आधारमा खोज अनुसन्धान भए पनि अलङ्कार प्रयोगका दृष्टिले अध्ययन भएका छैनन् । तसर्थ जीवनचङ्गा कवितामा के कस्ता अलङ्कारको प्रयोग भएको छ भनी खोजी गर्नु यस लेखको उद्देश्य हो । लालित्य भाग २ कविता सङ्ग्रहमा सङ्ग्रहीत जीवनचङ्गा कवितामा कुन कुन शब्दालङ्कारको प्रयोग गरिएको छ ? कुन कुन अर्थालङ्कारको प्रयोग गरिएको छ ? अलङ्कार प्रयोगका दृष्टिले के कस्तो कवितात्मक सौन्दर्य वृद्धि भएको छ ? भन्ने बारे कुनै अनुसन्धान भएका छैनन् । त्यसैले अनुसन्धानको यही रिक्ततालाई परिपूर्ति गर्ने उद्देश्यले जीवनचङ्गा कवितामा अलङ्कारविधान शीर्षकको लेख अघि सारिएको हो ।

## सैद्धान्तिक आधार

सामान्यार्थमा अलङ्कार भनेको आभूषण हो । यसले काव्यलाई सिँगार्ने काम गर्दछ । विभिन्न आभूषणले शरीरको शोभा बढाएजस्तै अलङ्कारले काव्यलाई शब्द र अर्थका माध्यमबाट शोभा दिने काम गर्दछ । शब्द र अर्थ दुवै परस्परमा अन्योन्याश्रित छन् । शब्द र अर्थको कलात्मक प्रस्तुतिले काव्य सुन्दर एवम् सुललित बन्छ (योगी, २०७६, पृ.२६) । अलङ्कारको महत्त्वको चर्चा संस्कृत काव्यचिन्तन परम्परामा विभिन्न किसिमले भएको छ । संस्कृत काव्य परम्परामा प्रादुर्भाव भएका विभिन्न सम्प्रदायभित्रको अलङ्कार सम्प्रदाय पनि महत्वपूर्ण र एक व्यापक चर्चा पाएको सम्प्रदाय हो (थापा, २०६६, २३१) । ऋग्वेदमा समेत प्रयुक्त अलङ्कारलाई आदिआचार्य भरतले पनि महत्त्व दिई प्रयोगमा ल्याएको देखिन्छ । आचार्य भरतले पनि आफ्नो *नाट्यशास्त्र* ग्रन्थमा अलङ्कारको चर्चा गर्नु यसको प्राचीनता पुष्टि हुन्छ । आचार्य भामहले अलङ्कारको विस्तृत र व्यापक रूपमा चर्चा गर्दै अलङ्कारलाई सर्वोच्च मूल्य प्रदान गरेको पाइन्छ । अलङ्कारवादी आचार्यहरूले अलङ्कारलाई काव्यको शोभा, काव्यको गहना मान्नुका साथै काव्यात्मा पनि मानेका छन् । कविता काव्यमा यसको प्रयोग अपेक्षित रूपमा रहेको पाइन्छ । यसको प्रयोगबाट काव्य गुणात्मक र आश्वाद्य बन्छ । यसले रसलाई परिपाक अवस्थामा पुर्‍याएर काव्यानन्द प्राप्ति गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई काव्यको तत्त्वको रूपमा लिने गरेको पाइन्छ ।

अलङ्कार योजनाको समुचित प्रयोगले कवि पौड्यालका कविताका कलापक्षलाई परिष्कृत र उत्कृष्ट बनाएको छ । अनेक शब्दालङ्कार र अर्थालङ्कारको स्वाभाविक प्रयोगबाट उनका कविता भावसंवेद्य बनेका छन् । उनले आफ्ना कवितामा छेकानुप्रास, वृत्त्यनुप्रास र अन्त्यानुप्रास जस्ता शब्दालङ्कारका साथै उपमा, अतिशयोक्ति, रूपक, आदि अनेक अर्थालङ्कारको सहज प्रयोग गरेका छन् । अलङ्कारसम्बन्धी पूर्वीय मान्यतालाई सैद्धान्तिक आधार बनाई प्रस्तुत लेखमा ‘जीवनचङ्गा’ कविताको विश्लेषण गरिएको छ ।

## पूर्वकार्यको समीक्षा

कवि लेखनाथ पौड्यालका विविध रचनाहरूमा प्रशस्त खोज, अनुसन्धान, चर्चा, परिचर्चा, अध्ययन र विश्लेषणहरू भइसकेका छन् । उनका कवितामा विद्यावारिधि स्तरीय अनुसन्धान भइसकेका छन् । बोधराज ढकालले 'जीवनचङ्गा' कवितामा वेदान्त दर्शनको प्रभाव (२०७७) शीर्षकमा अनुसन्धानात्मक लेख प्रकाशित गरेका छन् । यसमा ढकालले वेदान्त दर्शनका मूल्य र मान्यताका आधारमा उक्त कवितालाई हेरेका छन् । उक्त लेखबाट पनि लेखनाथ पौड्यालका बारेमा सहयोग लिन सकिने भएकाले यसलाई पूर्वकार्यको रूपमा लिन सकिन्छ । कक्षा १२ को ऐच्छिक नेपाली पाठ्यपुस्तकमा रामप्रसाद ज्ञवाली (२०७८) लगाएतका लेखकहरूले जीवनचङ्गा कवितामा उपमा, अतिशयोक्ति, रूपक अलङ्कारको चर्चा गरेका छन् । समग्र रूपमा कवितामा प्रयुक्त अलङ्कारको चर्चा गरे पनि कविताका कुन कुन श्लोकमा के कस्ता अलङ्कारको प्रयोग भएको छ भन्ने सन्दर्भमा कुनै सङ्केत गरेका छैनन् । केशव भुसाल (२०७९–२०८०) लगाएतका लेखकहरूले जीवनचङ्गा कवितामा उपमा, अतिशयोक्ति जस्ता अर्थालङ्कारको प्रयोग गरिएको कुरा उल्लेख गरेका भए पनि उदाहरणसहित पुष्टि कतै गरेका छैनन् । माधवप्रसाद पौडेल र शिवप्रसाद तिमल्सेना (२०८०) ले जीवनचङ्गा कवितामा उपमा, रूपक, दृष्टान्त, अतिशयोक्ति अलङ्कारको प्रयोग गरिएको कुरा उल्लेख गरेका छन् । तर पनि सोदाहरण पुष्टि गर्ने कार्य भएको छैन । यसरी समग्र रूपमा कवितामा प्रयुक्त अलङ्कारको चर्चा गरेकाले यिनलाई पूर्वकार्यका रूपमा समेटिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययन गुणात्मक शोधविधिअन्तर्गत पाठविश्लेषण ढाँचामा आधारित रहेको छ । अलङ्क्रियते अनेन इति अलङ्कारको विग्रहबाट निर्मित अलङ्कार शब्दको अर्थ आभूषण वा गहना भन्ने हुन्छ । कविताको शब्दगत तथा अर्थगत सौन्दर्य निर्माण गर्न अलङ्कारको अहम् भूमिका हुने भएकाले लेखनाथ पौड्यालको 'जीवनचङ्गा' कवितालाई प्राथमिक स्रोतका रूपमा लिई पुस्तकालयीय कार्यबाट द्वितीय स्रोतका सामग्रीहरू सङ्कलन गरी उक्त कवितामा के कस्ता शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरिएको छ भन्ने कुराको खोजी गरिएको छ । अलङ्कार सिद्धान्तका आधारमा उक्त कवितालाईं विश्लेषण गरी निगमनात्मक विधिको माध्यमबाट निष्कर्ष निकालिएको छ ।

## अध्ययनको सीमा

प्रस्तुत अध्ययन लेखनाथ पौड्यालको लालित्य भाग२ कविता सङ्ग्रहमा सङ्कलित 'जीवनचङ्गा' कवितामा प्रयुक्त शब्दालङ्कार र अर्थालङ्कारको पहिचान र विश्लेषणमा मात्र केन्द्रित छ । पुस्तकालयीय अध्ययन कार्यका आधारमा सामग्री सङ्कलन गरी विश्लेषणात्मक विधिका माध्यमबाट निष्कर्ष निकालिएको छ ।

## छलफल र परिणाम

चङ्गाको सादृश्यमा मानव जीवनका गतिविधि, समस्या, कार्य र जीवनचर्याको प्रस्तुति रहेको प्रस्तुत कवितामा जीवनको क्षणभङ्गुरतालाई दर्शाइएको छ। धागाको त्यान्द्रोमा सन्तुलित भएर हावामा कावा खाँदै उड्ने चङ्गा बाधा व्यवधानका बिच पनि आकाश चुम्ने लक्ष्य राख्छ, टुट्छु भन्ने डर मान्दैन भन्दै मानव जीवनलाई सङ्घर्षका लागि उत्प्रेरित गर्ने यस कवितामा मानव जीवनलाई मूल कथ्य बनाइएको छ। यस कवितामा मानव जीवनलाई चिनाउनका लागि विविध शब्दालङ्कार र अर्थालङ्कारको उत्कृष्ट प्रयोग भेटिन्छ।

### शब्दालङ्कार

शब्दविशेषमा निर्भर रहने, उस्तै अर्थ आउने अर्को शब्द राख्दा पनि अर्थ नभाँचिने वा अलङ्कार नखजमजिने अलङ्कारलाई शब्दालङ्कार भनिन्छ। शब्दालङ्कार अन्तर्गत अनुप्रास, श्लेष, यमक, वक्रोक्ति आदि पर्दछन्। लेखनाथ पौड्यालको जीवनचङ्गा कवितामा प्रयोग भएका शब्दालङ्कारहरू निम्न छन् :

१) अनुप्रास : कुनै पनि वर्ण वा शब्दविशेषलाई बारम्बार दोहोर्याउनु अनुप्रास हो। वर्ण वा शब्दहरू यसरी पटक पटक विशेष अन्तरालका साथ दोहोरिएर शब्दको सजावट मिल्न गई अनुप्रास अलङ्कारको सिर्जना हुन जान्छ। यसरी अनुप्रास अलङ्कारको सिर्जनामा व्यञ्जन वर्णको मुख्य भूमिका रहन्छ। स्वर वर्णको एकरूपता हुँदा वा नहुँदा पनि व्यञ्जन साम्यले अनुप्रास अलङ्कार हुन्छ।
अनुप्रास अलङ्कारको सर्वप्रथम चर्चा गर्ने व्यक्ति आचार्य भामह हुन्। उनका अनुसार अनुप्रासमा स्वरमा भिन्नता भए पनि व्यञ्जनमा समानता हुनुपर्दछ (भामह, २०५९, पृ. ६७)। यसैगरी उनले अनुप्रासलाई सादृश्याक्षर मानेका छन् र जसको प्रयोगले वाणीमा चारुता समावेश हुने गर्दछ (भामह, २०५९, पृ. ६८)।

भामहको लक्षणलाई स्पष्ट पार्दै नवीनताका साथ दण्डीले अनुप्रास अलङ्कारलाई चिनाएका छन्। उनका अनुसार वर्णको आवृत्ति समीपस्थ हुनाको कारणले नै चमत्कारयुक्त हुन्छ र त्यही अवस्था अनुप्रास हो। जहाँ प्रथमोच्चारित वर्णजन्यसंस्कार उसको सादृश्य अन्य वर्णको उच्चारण गर्दासम्म अक्षुण्ण रहन्छ (दण्डी, ई.१९९१, पृ.४८)।

अर्का आचार्य उद्भटका अनुसार सरूप व्यञ्जनको आवृत्तिमा नै अनुप्रास हुन्छ र पृथकतामा हुँदैन (उद्भट, २०२२, पृ.२६०)। उनको मतमा नवीनता र स्पष्टता देखिन्छ। आचार्य मम्मटले सबैका मत समेटेर छोटकरीमा अनुप्रासको लक्षण निरूपण गरेका छन्। उनले वर्णसाम्यता अनुप्रास भएको उल्लेख गरेका छन् र सर्वप्रथम रसानुकूल वर्णको न्यासलाई अनुप्रासमा आवश्यक महत्त्व ठहर गरेका छन् (मम्मट, २०४२, पृ.४०४)।

लेखनाथ पौड्यालका कवितामध्ये 'जीवनचङ्गा' कवितामा अनुप्रासको अत्यधिक प्रयोग पाइन्छ । सबभन्दा बढी अन्त्यानुप्रासको प्रयोग भएको भए पनि अन्य अनुप्रासलाई पनि प्रयोग गरिएको छ । अनुप्रासलाई सुन्दर ढङ्गले काव्यमा सजाइएका पौड्यालको जीवनचङ्गा कवितालाई निम्नानुसार हेर्न सकिन्छ :

दुर्गम भै उर्लेकी तलतिर समतुल्य मोहकी गङ्गा
फरफर गर्छ उपर यो जीवनमय पातलो चङ्गा । २ (लालित्य भाग १ ई. पृ. ५०)

यस श्लोकमा ग, त, म, र जस्ता वर्णको पुनरावृत्ति र गङ्गा, चङ्गा शब्दमा अङ्गाको पुनरावृत्तिले अनुप्रास अलङ्कार भएको छ ।

अर्को श्लोकमा हेर्दा –

कछुवाले अङ्गसरि खुम्च्याई बाह्य वृत्तिका तार
भित्र अलिकति हेर्दा अर्कै रसिलो चमत्कार ॥ १ (लालित्य भाग १ ई. पृ. ४८)

यस श्लोकमा दोस्रो र चौथो पाउमा 'तार', 'चमत्कार' शब्दमा आएका 'आर' शब्दको समानताले कवितामा चमत्कार ल्याई अनुप्रासको काम गरेको छ ।

त्यसैगरी अर्को श्लोकमा पनि

कहिलेदेखि उडेथ्यो ? अब उड्ने हो कति बेर ?
आखिर चङ्गा ठहर्‍यो चुँडिनालाई छ के बेर ? १८ (लालित्य भाग १ ई. पृ. ५१)

माथिको श्लोकमा पहिलो र तेस्रो पाउमा रहेको 'यो' वर्णमा र दोस्रो र चौथो पाउमा रहेको 'बेर' 'बेर' वर्णमा पनि समानता देखिन्छ । त्यसैगरी ड, च, उ, क वर्णमा पनि पुनरावृत्ति भएकाले अनुप्रास अलङ्कार भएको छ ।

त्यसैगरी अर्को श्लोकमा

जलचर नभचर सबका सुन्दर लाखौं थरी चाल
देखिन्छन् यहिँ हाम्रो जीवन चङ्गाविषे सदाकाल ॥ १५ ( लालित्य भाग १ ई. पृ. ५०)

यस श्लोकमा च, र, स, ल, ह वर्ण दोहोरिई चमत्कार पैदा गरी अनुप्रास अलङ्कार भएको छ ।

क) वृत्त्यनुप्रास : एक वा अनेक व्यञ्जन वर्णहरू एक वा अनेक पटक क्रमयुक्त वा क्रमहीन तरिकाले दोहोरिएमा वृत्त्यनुप्रास हुन्छ । आचार्य विश्वनाथले अनेक व्यञ्जन वर्णको एकबार वा अनेकवार उस्तैगरी आवृत्ति भएमा वृत्त्यनुप्रास हुन्छ भनेका छन् (विश्वनाथ, ई १९७९, पृ. ६६८) । वृत्त्यनुप्रास अलङ्कारमा अनेक व्यञ्जन वर्णको अनेक पटक आवृत्ति वा एउटा व्यञ्जन वर्णको अनेक आवृत्ति हुन्छ (गौतम, २०६८, पृ. ४) ।

लेखनाथ पौड्यालको 'जीवनचङ्गा' कवितामा अनेक वर्ण एक पटक तथा एक वर्ण अनेक पटक दोहोरिएर वृत्त्यनुप्रास अलङ्कार सिर्जना गरेका छन् । जसलाई कविताको श्लोकबाट यसरी देखाउन सकिन्छ :

मनमय घुम्छ लटाई फनफन फन्का पला पला मारी
अतिशय दुर्लभ तर त्यो रसिक लटाई लिने चमत्कारी ॥ ४ ( लालित्य भाग १ ई. पृ. ४८)

यहाँ म, फ, ल, वर्ण अनेक पटक आवृत्ति भई सौन्दर्य सिर्जना हुँदा वृŒयनुप्रास अलङ्कार रहेको छ ।
अर्को उदाहरणमा हेर्दा :

जति जति गडेर हेर्छु यस चङ्गाको विचित्र सञ्चार
उति उति शून्य गगनमा विलीन हुन्छु नदेख्दा पार ॥ १९ ( लालित्य भाग १ ई.पृ. ५१)

यहाँ ज, त, उ, ग ,च वर्ण एक पटक आवृत्ति भई सौन्दर्य सिर्जना हुँदा वृयनुप्रास अलङ्कार भएको छ ।

ख) अन्त्यानुप्रास : अघिल्लो स्वरसहितका व्यञ्जन वा स्वरव्यञ्जन समूह पाउका अन्त्यमा जस्ताको तस्तै आवृत्त हुन्छन् भने अन्त्यानुप्रास अलङ्कार हुन्छ । यसको प्रयोग प्रायःजसो विश्राम स्थलमा हुने हुँदा कविताको लयमा मधुरता ल्याउन यस अलङ्कारले अहम् भूमिका खेलेको हुन्छ (योगी, २०७६, पृ. ४५) । स्रष्टाहरूले यस अलङ्कारलाई आफ्नो सिर्जनामा प्रयोग गर्दै आएका छन् ।

आाचार्य विश्वनाथले पदान्त वा पादान्तमा समान वर्णविन्यासको आवृत्तिजन्य चमत्कारलाई अन्त्यानुप्रासको संज्ञा दिएका छन् (विश्वनाथ, ई. १९७९, पृ. ६७०) ।
लेखनाथ पौड्यालका कवितामा पाउको अन्त्यमा वर्णको आवृत्तिले अन्त्यानुप्रास सिर्जना गरेका प्रशस्त उदाहरणहरू पाउन सकिन्छ । उदाहरणका लागि निम्न श्लोकलाई लिन सकिन्छ :

कछुवाले अङ्गसरि खुम्च्याई बाह्य वृत्तिका तार
भित्र अलिकति हेर्दा अर्कै रसिलो चमत्कार । १ ( लालित्य भाग १ ई. पृ. ४८)

यस श्लोकमा दोस्रो र चौथो पाउमा 'तार', 'चमत्कार' शब्दहरूमा 'आर' वर्णसमूहको प्रयोगले चमत्कार उत्पन्न भई अन्त्यानुप्रास हुन गएको छ ।
अन्य उदाहरणहरूमा पनि अन्त्यानुप्रास भेटाउन सकिन्छ :

त्यो मसिनो धागो खिरिलोपन ल्याउने ताजा
घस्रिएको बहुत सफा विवेक बल बुद्धिको माजा ॥ ६ ( लालित्य भाग १ ई. पृ. ४९)

यस श्लोकमा दोस्रो र चौथो पाउमा 'ताजा', 'माजा' शब्दहरूमा 'आजा' वर्णसमूहको प्रयोगले चमत्कार उत्पन्न भई अन्त्यानुप्रास अलङ्कार सिर्जना भएको छ ।

ग) छेकानुप्रास : अनेक व्यञ्जनको उसै क्रममा एक पटक मात्र आवृत्ति भएमा छेकानुप्रास अलङ्कार हुन्छ । शब्दको आवृत्तिमा क्रम नमिलेमा छेकानुप्रास अलङ्कार हुन नसक्ने भएकाले यसमा व्यञ्जन वर्णको आवृत्तिका साथै क्रमको पनि महत्त्वपूर्ण भूमिका हुन्छ ।
आचार्य विश्वनाथले यस अलङ्कारमा अनेक व्यञ्जनद्वारा उस्तै क्रममा एक पटक मात्र दोहोरिएर चमत्कार पैदा गरिएको हुन्छ भनेका छन् (विश्वनाथ, ईं १९७९, पृ. ६६७) ।

राघवालङ्कारमा अनेक व्यञ्जन वर्णको एक पटक आवृत्ति भएमा छेकानुप्रास अलङ्कार हुन्छ भनी उल्लेख छ (गौतम, २०६८, पृ. ४) ।

लेखनाथ पौड्यालले 'जीवनचङ्गा' कविताका केही श्लोकमा छेकानुप्रास अलङ्कारको प्रयोग गरेका छन् ।

कहिले प्रेम हवामा सररर अक्कासिँदै जान्छ
कहिले फरक्क फरकी तल तल काँठी पनि खान्छ ॥ १२ (लालित्य भाग १ ई. पृ. ५०)

यसमा प्रयुक्त फ, र वर्णहरू एक पटक मात्र उही क्रममा आवृत्ति हुने भएकाले छेकानुप्रास अलङ्कारको प्रयोग भएको छ । अर्को श्लोकमा हेर्दा ..

जति दिन यो उडने उति दिन उडन्यै छ बिचमा नअडी
तर त्यो देखिनुपरने अद्भुत चङ्गा उडाउने लहडी ॥ १९ (लालित्य भाग १ ई. पृ. ५१)

यस श्लोकमा पनि ति, ड द, न, वर्णहरू एक पटक उही क्रममा दोहोरिएकाले छेकानुप्रास अलङ्कार सिर्जना भएको छ ।

## अर्थालङ्कार

अर्थ विशेषमा भर पर्ने उस्तै अर्थ दिने अर्को शब्द राख्दा पनि अलङ्कार नभाँचिने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । लेखनाथ पौड्यालले 'जीवनचङ्गा' कवितामा उपमा, रूपक, अतिशयोक्ति जस्ता विभिन्न अर्थालङ्कारको प्रयोग गरेका छन् । विभिन्न सिद्धान्त र उदाहरणका माध्यमबाट उक्त कवितामा रहेका अर्थालङ्कारहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

क) उपमा अलङ्कार : 'उप' र 'मा' को योगबाट उपमा शब्दको निर्माण भएको छ । उपको अर्थ निकट भन्ने हुन्छ भने 'मा' को अर्थ मापन गर्नु वा तौलनु हुन्छ । एउटा वस्तुको छेउमा अर्को वस्तुलाई राखेर त्यसको समानता प्रस्तुत गर्नु नै उपमाको अर्थ हो (थापा, २०६६, पृ. २३८) । यसमा कुनै पनि दुई वस्तुको समानता देखाउन दुवैको रूप, गुण, क्रिया अथवा प्रभावको तुलना गरिन्छ । आचार्य भरतले आफ्नो नाट्यशास्त्र ग्रन्थमा गुण र आकृतिका आधारमा दुई पदार्थ बिचको सादृश्य कथनलाई उपमा मानेका छन् । उनले एकको अनेकसँग, अनेकको एकसँग, एकको एकसँग र अनेकको अनेकसँग गरी चार अवस्थामा उपमा रहने उल्लेख गरेका छन् (भरत, ई. १९८३, पृ. २१०) । अलङ्कारवादी आचार्य भामहले उपमा र उपमेय देश, काल, क्रिया आदिका आधारमा सर्वथा भिन्दा भिन्दै हुँदा हुँदै पनि कदाचित गुणलेश मात्रले दुवैमा समानता भएमा उपमा अङ्कार हुन्छ भनेका छन् (भामह, २०५९, पृ. ४४३) । मम्मटले उपमान र उपमेयमा भेद हुँदाहुँदै पनि गुण, क्रिया आदिका आधारमा हुने साधर्म्यबाट उपमा अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (मम्मट, २०४२, पृ. ४४३) । आफूपूर्वका अलङ्कारसम्बन्धी चिन्तनलाई समेटेर आचार्य विश्वनाथले वैधर्म्यरहित उपमान र उपमेयका बिचको सादृश्यलाई वाच्यका माध्यमबाट एउटै वाक्यमा व्यक्त गर्नु नै उपमा हो भनेका छन् (विश्वनाथ, ई. १९९७, पृ. ६९२) । यी माथि व्यक्त गरिएका विचारलाई हेर्दा उपमेय र उपमानका बिचमा रूप, गुण, क्रिया अथवा प्रभाव कुनै पनि धर्मको समानताबाट एउटै वाक्यमा वाक्यात्मक ढंगले सौन्दर्य प्रकाशन हुँदा उपमा अलङ्कार हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ । उपमा हुनका लागि उपमेय, उपमान, सादृश्यवाचक शब्द र समान धर्म जस्ता चार तत्वको आवश्यकता पर्दछ । उपमेयले वर्णनीय विषय वा उपमा गर्न योग्य वस्तुलाई बुझाउँछ । उपमानले उपमेय वस्तुसँग दाँजिने तत्त्व भन्ने

बुझाउँछ । उपमान र उपमेयका बिच हुने समान गुणलाई साधारण धर्म भनिन्छ । उपमान र उपमेयका बिचको सादृश्य बुझाउन प्रयोग गरिने शब्दलाई सादृश्यवाचक शब्द भनिन्छ । कवि लेखनाथ पौड्यालको 'जीवनचङ्गा' कवितामा 'उपमा' अलङ्कारको सुन्दर ढङ्गले प्रयोग गरिएको छ । प्रस्तुत कविताका निम्न श्लोकमा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ :

कछुवाले अङ्गसरि खुम्च्याई बाह्य वृत्तिका तार
भित्र अलिकति हेर्दा अर्कै रसिलो चमत्कार । १ (लालित्य भाग १ ई. पृ. ४८)

कछुवाले अङ्ग खुम्च्याएझैँ मान्छे बाहिरी संसारका लोभमोह, आचरण र चालचलनका बन्धनहरूबाट मुक्त हुन सके र भौतिक सुखको इच्छालाई थोरै खुम्च्याउन सके उसको जीवन रसिलो र चमत्कारी बन्न सक्छ भन्ने भाव व्यक्त गरिएको यस श्लोकमा कछुवाका अङ्गलाई मानवीय बाह्य आचरणसँग तुलना गरिएको छ । यहाँ 'कछुवाको अङ्ग' उपमान, 'बाह्य वृत्तिका तार' उपमेय, 'सरि' वाचक, 'खुम्च्याउनु' धर्मका रूपमा प्रयोग भएकाले उपमा अलङ्कार मानिएको छ ।

अर्को श्लोकमा हेर्दा–

ममतासहित अहन्ता ग्रन्थि परेका बडा रम्य
सुख दुःखका कका छन् खुब मिलेका दुवै टम्म । ३ (लालित्य भाग १ ई. पृ. ४८)

ममता र अहङ्कारको वशमा परेको मानव जीवन सुख र दुःखको धागोले बाँधिएको छ भन्ने भाव प्रकट गरिएको यस श्लोकमा सुख दुःखलाई ककासँग तुलना गरिएको छ । यहाँ 'सुख दुःख' उपमेय, कका उपमान, टम्म मिल्नु धर्मका रूपमा रहेकाले उपमा अलङ्कार मानिएको छ ।

मनमय घुम्छ लटाई फनफन फन्का पला पला मारी
अतिशय दुर्लभ तर त्यो रसिक लटाई लिने चमत्कारी । ४ (लालित्य भाग १ ई. पृ. ४८)

यहाँ मनको चाञ्चल्यलाई लटाईको घुमाइसँग तुलना गरिएको छ । मन अति चञ्चल भएकाले लटाई जस्तै घुमिरहन्छ, क्षण क्षणमा फन्को मारिरहन्छ । यसरी मनको चञ्चलता र लटाईको चञ्चलतालाई समान देखाइएकाले उपमा अलङ्कार भएको छ । यहाँ 'मन' उपमान, 'लटाई' उपमेय, 'मय' वाचक र 'घुम्नु' साधारण धर्म भएकाले उपमा अलङ्कार भएको छ ।

अर्को श्लोकमा हेर्दा –

सङ्कल्पको छ धागो छुटी रहेको लगातार
गर्दछ जसका भरमा जीवनचङ्गा विचित्र सञ्चार ॥ ५ (लालित्य भाग १ ई. पृ. ४८)

यहाँ धागोले चङ्गा सञ्चरण भएजस्तै सङ्कल्पले जीवनलाई सञ्चरण गराउने कार्यमा समानता देखिएकाले उपमा अलङ्कार प्रतीत हुन्छ । जीवनका इच्छाहरू लटाईको धागोजस्तै निरन्तर छुटिरहन्छन्, जसका कारण विचित्र जीवनको सञ्चरण भइरहन्छ । त्यसैले धागो र सङ्कल्प, जीवन र चङ्गाबिच समानता देखिएकाले उपमा अलङ्कार भएको छ । यसमा ' धागो' उपमेय, 'सङ्कल्प' उपमान, वाचक शब्द समान धर्मको लोप भएकाले लुप्तोपमा अलङ्कार भएको छ ।

कहिले निलो दहमा सफरी माछो सरी भारी
लीला गर्छ गगनमा चक्कर लाखौँ थरी मारी । ११ (लालित्य भाग १ ई. पृ. ४९)

यहाँ निलो दहमा सफरी गर्ने माछो र मनको आकाशमा लीला गर्ने जीवनको तुलना गरिएको छ । मनको आकाशमा लाखौँपटक चक्कर मार्ने चङ्गारूपी जीवन निलो दहमा घुम्ने ठूलो माछोजस्तै छ भन्ने आशय व्यक्त गरिएको प्रस्तुत श्लोकमा माछो उपमान, घुम्नु, चक्कर मार्नु साधारण धर्म, सरि वाचक शब्दको प्रयोग गरिए पनि उपमेय जीवनको चर्चा नगरिएकाले लुप्तोपमा अलङ्कार छ ।

अर्को श्लोकमा हेर्दा –

कहिले भुजङ्गजस्तै सुलुसुलु बग्दै बटारिन्छ
कहिले विधिवश बिचमा अरु अरुसँग बेसरी लठारिन्छ । १३ (लालित्य भाग १ ई. पृ. ५०)

जीवनको गतिलाई सर्पको हिँडाइसँग तुलना गरिएको प्रस्तुत श्लोकमा जीवनको गति एकनासले अगाडि बढ्न नसक्ने, कहिले गतिशील त कहिले खुम्चिने र रोकिने गर्दछ भन्ने भाव व्यक्त गरिएको छ । यहाँ भुजङ्ग उपमान, सुलुसुलु बग्नु साधारण धर्म र जस्तै वाचक शब्दको प्रयोग गरिए पनि उपमेयको लोप गरिएकाले लुप्तोपमा अलङ्कारको प्रतीत हुन्छ ।

अर्को श्लोकमा हेर्दा –

कहिले पुगेर माथि सोझै बहँदै शनैः शनैः सल्ल
निश्चल टक्कर मारी अडिन्छ बउँडाई बोहरी तुल्य । १४ (लालित्य भाग १ ई. पृ. ५०)

प्रगतिपथमा अगाडि बढेको जीवन कहिले उच्च लक्ष्य प्राप्त गरेर बौँडाई, बोहोरी आकाशमा टक्क अडिएझैं अडिन्छ भन्दै तुलना गरिएको छ । यहाँ बौँडाई र बोहोरी उपमा, रोकिनु, अडिनु समान धर्म, तुल्य वाचक शब्द भए पनि उपमेय लोप भएकाले लुप्तोपमा अलङ्कार छ ।

ख) रूपक अलङ्कार : रूपको आरोप गर्नु रूपक हो । रूपक अलङ्कारमा उपमेय र उपमानका बिचमा अभेद आरोप हुन्छ । यसमा उपमेयलाई नै उपमान ठानिन्छ । यस्तो हुँदा उपमानको निषेध भने गरिदैंन । यस कारण यस अलङ्कारमा एक पदार्थमा अन्य पदार्थको आरोप गरेर दुवैमा एकरूपताको स्थापना गरिन्छ । यसरी उपमेय तथा उपमानलाई एक दोस्राबाट नितान्त अभिन्न भाव प्रकट गर्ने काम रूपक अलङ्कारमा हुन्छ ।

रूपक अभेदप्रधान सादृश्यमूलक अलङ्कार हो । यसैले यस अलङ्कारमा अत्यन्त सादृश्यका कारणले उपमेय र उपमानका बिच अभेद आरोप हुन्छ । यसमा उपमेय नै उपमान मानिन्छ । यस्तो किसिमको अभिन्नताले गर्दा दुवैमा केही भिन्नता देखिँदैन । अर्थात् परस्पर विरुद्ध धर्म कायम रहँदा पनि उपमेय र उपमानमा अत्यधिक साम्य प्रदर्शनका निम्ति कल्पित अभेदारोप हुनाले रूपक अलङ्कार हुन्छ । आरोप वास्तविक नभए पनि कविकल्पित एवम् चमत्कारपूर्ण हुनु जरुरी छ अन्यथा अलङ्कारत्व हुन सक्दैन ।

रूपक प्राचीनतम अलङ्कारभित्र पर्दछ । सर्वप्रथम यसको उल्लेख भरतले नाट्यशास्त्रमा गरेका छन् । यसपछि भामहदेखि पण्डितराज जगन्नाथ हुँदै पछिका अन्य आचार्यहरूले पनि यसको चर्चा गरेका छन् । आचार्य

भामहका अनुसार गुणसाम्यका आधारमा उपमेयमा उपमानको आरोप रूपक हुन्छ (भामह, २०५९, पृ. ८६) । आचार्य मम्मटले नवीन विचारका साथ आफ्नो रूपकसम्बन्धी दृष्टिकोण अगाडि सारेका छन् । उनका अनुसार उपमेय एवम् उपमानको अभेद आरोप गर्नु रूपक हो (मम्मट, २०४२, पृ.४६३) । प्रस्तुत कविताका निम्न लिखित श्लोकहरूमा रूपक अलङ्कार रहेको पाइन्छ :

दुर्गम भै उर्लेकी तलतिर समतुल्य मोहकी गङ्गा
फरफर गर्छ उपर यो जीवनमय पातलो चङ्गा । २ (लालित्य भाग १ ई. पृ. ५०)

गमन गर्न नसकिने गरी उर्लिरहेको गङ्गामाथि फरफराइरहेको पातलो चङ्गामा जीवनको आरोप गरिएकाले रूपक अलङ्कार प्रतीत हुन्छ । यहाँ जीवनका लोभ, मोहका आसक्तिलाई बग्दो गङ्गामा आरोप गरिएको छ भने जीवनको क्षणिकतालाई पातलो चङ्गामा आरोप गरिएको छ । त्यसैले मोह र गङ्गा, जीवन र चङ्गाबिच अभेद सम्बन्ध रहेकाले रूपक अलङ्कार भएको छ ।

अर्को श्लोकमा हेर्दा –

मनमय घुम्छ लटाई फनफन फन्का पला पला मारी
अतिशय दुर्लभ तर त्यो रसिक लटाई लिने चमत्कारी । ४ (लालित्य भाग १ ई पृ.४८)

मनको चाञ्चल्यलाई लटाईको घुमाइमा आरोप गरिएकाले रूपक अलङ्कार प्रतीत हुन्छ । मन अति चञ्चल भएकाले लट्टाईजस्तै घुमिरहन्छ, क्षण क्षणमा फन्को मारिरहन्छ । जतिसुकै घुमे र फन्को मारे पनि जीवनको लट्टाई लिने चमत्कारी भने दुर्लभ छ भन्ने भाव व्यक्त भएको यस श्लोकमा चमत्कारीमा ईश्वरको आरोप गरिएकाले रूपक अलङ्कार देखिएको छ ।

सङ्कल्पको छ धागो छुटी रहेको लगातार
गर्दछ जसका भरमा जीवन चङ्गा विचित्र सञ्चार । ५ (लालित्य भाग १ ई.पृ.४८)

यहाँ जीवनका इच्छाहरू लटाईको धागोजस्तै निरन्तर छुटिरहन्छन्, जसका कारण विचित्र जीवनको सञ्चरण भइरहन्छ भन्ने भाव व्यक्त गरिएको प्रस्तुत हरफमा सङ्कल्पलाई धागोमा र जीवनलाई चङ्गामा आरोप गरिएकाले रूपक अलङ्कार भएको छ ।

अर्को श्लोकमा हेर्दा –

चङ्गाको मुख चाहिँ प्रवृत्तिमय रङ्गले लाल
अलि अलि कालो आशा पुच्छर उसको चुलबुले चाल ॥ ७ (लालित्य भाग १ ई पृ.४९)

मन प्रवृत्तिमय भएकाले सुन्दर सपनाहरू देखिरहन्छ । मनको चुलबुलेपनमा उत्पन्न आशाका तरङ्गहरूमा कलुषित भावनाहरू जोडिएका हुन्छन् भन्ने भाव व्यक्त गरिएको यस श्लोकमा मानवको तामसी प्रवृत्तिमा चङ्गाको मुखको आरोप गरिएकाले रूपक अलङ्कार हुन्छ ।

वैषम्य भै ककामा अलिकति गतिमा घुस्यो भने दोष
ग्वाँक मिलाउनलाई संयम, सुविचार, शान्ति सन्तोष ॥ ८ (लालित्य भाग १ ई.पृ.४९)

मनमा सामाजिक असमानता र भेदभावजस्ता दोषहरू पस्न र बस्न सक्ने भएकाले यस्तो अवस्थामा विचलित मनलाई सन्तुलनमा ल्याउन संयम, सुविचार, शान्ति र सन्तोष जस्ता तत्त्वहरूको आवश्यकता पर्दछ भन्ने भाव प्रकट गरिएको प्रस्तुत श्लोकमा 'कका' र 'मन' तथा 'ग्वाँक' र 'विवेक' लाई एकै ठानिएको छ। यहाँ मनमा ककाको आरोप, ग्वाँकमा शान्ति, सन्तोष र संयमताको आरोप गरिएकाले रूपक अलङ्कारको प्रतीत भएको छ।

जलचर, नभचर सबका सुन्दर लाखौँ थरी चाल
देखिन्छन् यहीँ हाम्रो जीवन चङ्गा विषे सदाकाल ॥ १५ (लालित्य भाग १ ई पृ. ५०)

संसारमा जलचर, नभचर र स्थलचर गरी लाखौं थरी प्राणी र तिनका लाखौं थरी चाल छन्। जीवनमा यस्ता चालहरू सधैँ देखिन्छन् भन्ने भाव प्रकट गरिएको प्रस्तुत श्लोकमा अनेक प्राणीका चालमा चङ्गारूपी जीवनका चालको आरोप गरेकाले रूपक अलङ्कार भएको छ।

अर्को श्लोकमा हेर्दा–

कहिलेदेखि उडेथ्यो ? अब उड्ने हो कति बेर ?
आखिर चङ्गा ठहरियो चुँडिनलाई छ के बेर ? १८ (लालित्य भाग १ ई पृ. ५१)

जीवनको आरम्भ र अन्त्यको कुनै ठेगान छैन। चङ्गाको धागो चुँडिएझैँ जीवनको प्राणसूत्र पनि जुनसुकै बेला चुँडिन सक्छ, तसर्थ जीवनको अन्त्य अवश्यम्भावी छ भन्ने भाव प्रकट गरिएको प्रस्तुत श्लोकमा जीवनलाई अनित्य चङ्गामा आरोप गरेकाले रूपक अलङ्कार हुन्छ।

ग) अतिशयोक्ति अलङ्कार : प्राचीन आचार्यहरूले अतिशय कथन वा लोकसीमाको उल्लङ्घनलाई अतिशयोक्ति अलङ्कार भनेका छन् । यस भनाइअनुसार कुनै विषयलाई बढाई चढाई वर्णन गर्नु वा लोकमान्यतालाई उल्लङ्घन गरी वर्णन गर्नु अतिशयोक्ति हो। यस अलङ्कारमा सीमा उल्लङ्घन मुख्य हुन्छ। यसमा उपमान मात्र स्पष्ट हुन्छ र उसैद्वारा उपमेयको बोध हुन्छ।

आचार्य भामहका अनुसार कुनै विशेष कारणवश यदि अलौकिक अर्थको वर्णन गरिन्छ भने त्यहाँ अतिशयोक्ति अलङ्कार हुन्छ ( भामह, २०५९, पृ. १२७ )।

आचार्य विश्वनाथले अध्यावसानको सिद्धत्वमा अतिशयोक्ति अलङ्कार हुन्छ भनेका छन् (विश्वनाथ, ई. १९७९, पृ. ७५३)।

कालान्तरमा यसको परिभाषामा भिन्नता आएको पाइन्छ । जसअनुसार जब उपमान र उपमेयलाई आफूसँग लुकाएर दुवैमा अभेद स्थापना गर्छ या उपमानद्वारा नै उपमेय प्रतीत हुन्छ, त्यहाँ अतिशयोक्ति अलङ्कार हुन्छ। प्रस्तुत कविताको निम्न श्लोकमा अतिशयोक्ति अलङ्कार रहेको पाइन्छ :

जय जगदीश्वर ! देखेँ विश्वव्यापी प्रकाश त्यो खास
सूक्ष्म लटाईभित्रै रहेछ प्रभुको निवास वा भास। २० (लालित्य भाग १ ई. पृ. ५१)

विश्वव्यापी प्रकाश छर्ने जगत्का स्रष्टा जगत्पतिको निवास हाम्रै मनरूपी लटाईभित्रै छ भन्ने भाव व्यक्त गर्ने यस श्लोकमा सूक्ष्म लटाईभित्र भगवान् र सम्पूर्ण ब्रह्माण्ड अटाएको अतिशय वर्णन गरेकाले अतिशयोक्ति अलङ्कार हुन्छ ।

घ) स्वभावोक्ति अलङ्कार : कुनै पदार्थको जाति, गुण, क्रिया या स्वरूपको सोही अनुरूपको वर्णन स्वभावोक्ति अलङ्कारमा हुन्छ । यसमा कसैको जातिगत वा स्वभावगत विशेषतालाई वास्तविक एवम् चमत्कारपूर्ण वर्णन गरिन्छ । जो पदार्थ प्राकृतिक रूपमा जस्तो छ उसको यथावत् रूपमा वर्णन गर्नु कठिन कार्य हो । यसमा कवि प्रतिभाको पटुता अपेक्षित हुन्छ । यस अलङ्कारमा कुनै पदार्थको शब्दचित्र यसरी प्रस्तुत गरिन्छ कि उसमा वर्ण्य विषयको वास्तविक रूप प्रत्यक्ष हुन जान्छ र सरलता एवम् चमत्कारको सम्मिश्रण हुन जान्छ । यस प्रकारको वर्णनका लागि अत्यन्त उच्च कोटिको काव्य प्रतिभा र कलात्मकताको आवश्यकता पर्दछ ।
सर्वप्रथम स्वभावोक्तिको परिभाषा दिंदै भामहले कुनै पदार्थलाई उसै रूपमा वर्णन गर्नु अर्थात् वास्तविक रूपको वर्णनलाई स्वभावोक्ति अलङ्कार मानेका छन् (भामह, २०५९, पृ. १३६) ।

मम्मटले बालक आदिको आफ्नो क्रियारूप वर्णनमा स्वभावोक्ति अलङ्कार हुने कुरा उल्लेख गरेका छन् (मम्मट, २०४२, पृ. ५०५) ।

यस अलङ्कारमा कुनै पनि पदार्थको जाति, गुण, स्वरूप र क्रियासम्बन्धी कुराको चमत्कारपूर्ण वर्णन गरिन्छ । यसमा यी कुराको वर्णन स्वाभाविक रूपले गरिने हुँदा स्वभावोक्ति भनिएको हो । जीवनचङ्गा कविताको निम्न श्लोकमा स्वभावोक्ति अलङ्कारको प्रयोग भएको छ :

कहिले प्रेमहवामा सररर अक्कासिँदै जान्छ
कहिलेत्र फरक्क फरकी तल तल काँठी पनि खान्छ ॥ १२ (लालित्य भाग १ ई. पृ. ५०)

यसमा जीवनको आरोह अवरोहको स्वाभाविक वर्णन गरिएको छ । प्रेमको भावमा अक्कासिने जीवन कहिले विभिन्न परिस्थितिसँग ठक्कराउँदै तल झर्ने कुरो वर्णन गरिएको छ । जीवनमा आरोह अवरोह स्वाभाविक रूपमा रहने, जीवनको गति एकनासले अगाडि बढ्न नसक्ने चङ्गा अकासिएझैं र कांैठी खाएर तल झरेझैं जीवनमा पनि उतारचढाव आइरहने कुरा स्वाभाविक रूपमा वर्णन गरेकाले स्वभावोक्ति अलङ्कार प्रतीत हुन्छ ।
अर्को श्लोेकमा हेर्दा –

अक्कासिएर ज्यादा माथि जाँदा हराउने भय छ
तल गङ्गा लहरीले लपक्क पार्ने बिछट्ट संशय छ । १६ (लालित्य भाग १ ई. पृ. ५०)

यस श्लोकमा महत्त्वाकाङ्क्षी जीवनको स्वाभाविक वर्णन गरिएको छ । जीवनमा बढी महत्त्वाकाङ्क्षा भयो भने दुर्घटना निम्तिन सक्छ, तथा दुर्घटनाग्रस्त जीवन सदाका लागि हराउने आशङ्का हुन्छ भन्ने भाव व्यक्त गरिएको यस श्लोकमा महत्त्वाकाङ्क्षी जीवनको स्वाभाविक वर्णन गरिएको हुँदा स्वभावोक्ति अलङ्कार हुन्छ ।

## निष्कर्ष

कवि लेखनाथ पौड्यालको 'जीवनचङ्गा' जीवनको क्षणिकता, अनिश्चितताको वर्णन गरिएको नीतिप्रधान कविता हो । यसमा कविले जीवनलाई चङ्गासँग तुलना गरेका छन् । विभिन्न वर्ण तथा शब्दहरूको पुनरावृत्ति गरी लयात्मक सौन्दर्य तथा श्रुतिमधुरता सिर्जना गर्न अनुप्रास अलङ्कारको प्रयोग गरेका छन् । चङ्गाका क्रियाकलापसँग मानवीय क्रियाकलापको तुलना गरी उपमा अलङ्कारको प्रयोग गरेका छन् । जीवनलाई चङ्गामा आरोप गरी रूपक अलङ्कारको प्रयोग गरेका छन् । त्यसैगरी जीवनको आरोहअवरोहको स्वाभाविक वर्णन गरी स्वभावोक्ति अलङ्कारको प्रयोग गरेका छन् भने अलौकिक अर्थको अतिशय वर्णन गरी अतिशयोक्ति अलङ्कारको प्रयोग गरेका छन् । यसरी कविले जीवनको क्षणिकता, अनित्यता, महत्वाकाङ्क्षा, तामसी प्रवृत्तिलाई बुझाउन प्रस्तुत कवितामा उपमा, रूपक, अतिशयोक्ति र स्वभावोक्ति जस्ता अर्थालङ्कार र अन्त्यानुप्रास, वृत्त्यनुप्रास, छेकानुप्रास जस्ता शब्दालङ्कारको प्रयोग गरेको निष्कर्ष निकालिएको छ । यी विविध अलङ्कारको प्रयोगबाट मानव जीवनका यावत् प्रवृत्तिहरूको चित्रण गरिएको छ ।

## सन्दर्भसूची

आनन्दवर्धन, (२०६३). ध्वन्यालोक, (व्या.शोभित मिश्र), (छै.सं.) वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस ।

उद्भट, (२०२२). काव्यालङ्कारसारसङ्ग्रह, प्रयाग : मोहनलाल भट्ट, हिन्दी साहित्य सम्मेलन ।

गौतम, कुलचन्द्र (२०६८). राघवालङ्कार, (दो.सं.) काठमाडौँ : कुलचन्द्र गौतम स्मृति संस्था ।

ज्ञवाली, रामप्रसाद (२०७८). ऐच्छिक नेपाली कक्षा १२, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

ढकाल, बोधराज (२०७७). 'जीवनचङ्गा' कवितामा वेदान्त दर्शनको प्रभाव' ।

दण्डी, (ई.१९९१). काव्यादर्श, (व्या. रामचन्द्र मिश्र) (चौ.सं ) वाराणसी, चौखम्बा, सुरभारती प्रकाशन ।

थापा, मोहनहिमांशु (२०६६). साहित्य परिचय, (पाँ.सं) ललितपुर, साझा प्रकाशन ।

पन्त, भरतराज (२०५६). नेपाली अलङ्कार परिचय, ललितपुर, साझा प्रकाशन ।

पौड्याल, लेखनाथ (२०७६). लालित्य भाग १ ई.(प.सं) मञ्जरी, प्रकाशन ।

पौडेल, माधवप्रसाद र शिवप्रसाद तिमल्सेना (२०८०). ऐच्छिक नेपाली कक्षा १२, पिनाकल पब्लिकेसन प्रा.लि ।

भामह (२०५९).काव्यालङ्कार, (व्या.रामानन्द शर्मा), वाराणसी : चौखम्बा, संस्कृत सिरिज अफिस ।

भुसाल, केशव (२०७९–२०८०). ऐच्छिक नेपाली कक्षा १२, क्वेस्ट पब्लिकेसन प्रा.लि ।

मम्मट( २०१०). काव्यप्रकाश, आ.सं) (व्या.विश्वेश्वर पण्डित), वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

योगी, प्रेम (२०७६). भूपीका कवितामा अलङ्कारविधान, अप्रकाशित शोधप्रबन्ध त्रि.वि. ।